चिचिला गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १ सङ्ख्याः १९ मितिः २०७५/१२/११

भाग - २

# चिचिला गाँउपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन तथा सञ्चालन कार्यविधि, २०७५

चिचिला गाउँपालिका

**चिचिला गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन तथा सञ्चालन कार्यविधी, २०७५**

**प्रस्तावनाः**

चिचिला गाउँपालिका अन्तर्गतका बासिन्दाहरुलाई खानेपानी तथा सरसफाईमा व्यवस्थित गर्न सबैलाई स्वाच्छ खानेपानीको उपलब्धता गर्न गराउनको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुमा गठन गरी सहजिकरण गर्न कानुन निर्माण वाञ्छनीय भएकाले चिचिला गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ बमोजिम चिचिला गाउँकार्यपालिकाले "चिचिला गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन तथा सञ्चालन कार्यविधि, २०७५" बनाएको छ।

**परिच्छेद – १**
**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधीको नाम "चिचिला गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन तथा सञ्चालन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

(क) "गाउँपालिका" भन्नाले चिचिला गाउँपालिका सम्झनुपर्दछ।

(ख) "गाउँकार्यपालिका" भन्नाले चिचिला गाउँकार्यपालिका सम्झनु पर्दछ।

(ग) "गाउँपालिका अध्यक्ष" भन्नाले यस गाउँकार्यपालिकाको अध्यक्ष सम्झनुपर्दछ।

(घ) " गाउँपालिका उपाध्यक्ष" भन्नाले यस गाउँकार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस गाउँकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(च) "खानेपानी तथा सरसफाई उपभोक्ता समिति" भन्नाले यस कार्यविधी बमोजिम गाउँपालिकाद्धारा गठन तथा सञ्चालन हुने खानेपानी तथा सरसफाईसँग सम्बन्धित उपभोक्ता समिति सम्झनु पर्दछ।

(छ) "वडा समिति" भन्नाले गाउँकार्यपालिकाको वडा समिति सम्झनुपर्दछ।

(ज) "सभा" भन्नाले यस गाउँपालिकाको गाउँसभा सम्झनुपर्दछ।

(झ) "खानेपानी" भन्नाले घरेलु तथा औद्योगिक उपयोगको लागि आपूर्ती गरिने पानी सम्झनु पर्दछ।

(ञ) "श्रोत" भन्नाले भू-सतह वा भूमिगत रुपमा रहेको खानेपानीको श्रोत सम्झनु पर्छ।

चिचिला गाउँपालिका

(ट) “संरचना” भन्नाले श्रोतले स्रोतबाट खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न, सुद्धिकरण गर्न वा वितरण गर्न बनाईएको जलाशय र सो जलाशयले चर्चेको क्षेत्र सम्झनु पर्छ र सो शब्दले त्यस्तै उद्धेश्यले बनाईएको पानी ट्याङ्की, पाईप लाईन, निकाश, धारा वा त्यस्तै प्रकारका अन्य संरचनालाई समेत जनाउँछ।

(ठ) “सर्वेक्षण" भन्नाले संरचनाको निर्माण, संरचना निर्माण गर्दा पर्ने वातावरणीय असर, श्रोतबाट उपयोग तथा वितरण गर्न सकिने खानेपानीको परिमाण, खानेपानीबाट लाभान्वित हुनेहरुको संख्या लगायत आर्थिक तथा प्राविधिक तथ्य तथ्याङ्क समेतको विश्लेषण गरी विस्तृत रुपबाट तयार गरिएको अन्वेषण संभाव्यता अध्ययन र तत् सम्बन्धी विस्तृत इन्जिनियरिङ डिजाईन समेतको कार्य सम्झनु पर्छ।

**३. उद्देश्यहरुः**

**(१)** टोल स्तरमा स्वाच्छ खानेपानी तथा सरसफाई उपलब्धता गर्ने,

**(२)** खानेपानी तथा सरसफाई कार्यलाई व्यवस्थित गर्ने,

**(३)** खानेपानी तथा सरसफाई उपभोक्ता समिति र गाउँपालिकालाई समन्वय र सहयोग गर्ने गराउने,

**४. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले गर्ने कार्यहरुः**

**(१)** खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको मुहान संरक्षण तथा संवर्द्धन गर्ने,

**(२)** खाने तथा सरसफाईको पँहुचमा सबै जानतालाई सहभागी गराउने।

## परिच्छेद – २

## उपभोक्ता संस्थाको गठन तथा दर्ता

**५. उपभोक्ता संस्थाको गठनः**

**(१)** सामूहिक लाभको लागि परियोजनाको विकास तथा सञ्चालन गरी त्यसबाट लाभन्वित हुन चाहने व्यक्तीहरुलाई उपभोक्ता संस्था गठन गर्न सक्ने छन् ।

**(२)** उपनियम (१) बमोजिम गठन गरिने उपभोक्ता संस्थाको कार्यकारी समितिमा कम्तीमा दुईजना महिला सहित नौ जना व्यक्तिहरुलाऐ सदस्य रहने छ ।

**६. उपभोक्ता संस्थाको विधानः**

(१) उपभोक्ता संस्थाको एउटा विधान हुनेछ ।

(२) उपनियम (१) बमोजिमको विधानमा देहायका कुराहरु खुलाएको हुने पर्नेछः-

(क) उद्धेश्य तथा कार्य क्षेत्र,

(ख) सदस्यताको लागि योग्यता,

(ग) सदस्यताको शुल्क र सदस्यता प्रदान गर्ने विधि,

(घ) सदस्यताको अयोग्यता,

(ङ) साधारण सभाको गठन,

(च) साधारण सभाको अधिवेशन,

(छ) साधारण सभाको काम, कर्तव्य र अधिकार,

(ज) कार्य समितिको गठन,

(झ) कार्य समितिको बैठक,

(ञ) कार्य समितिको काम, कर्तव्य र अधिकार,

(ट) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार,

(ठ) निर्वाचन सम्बन्धी व्यवस्था,

(ड) अविश्वासको प्रस्ताव,

(ढ) आर्थिक श्रोत,

(ण) चल अचल सम्पत्तिको विवरण,

(त) कोष,

(थ) लेखा परीक्षण,

(द) विधानमा संशोधन,

(ध) विनियम बनाउन सक्ने कुरा,

(न) अन्य आवश्यक कुराहरु ।

**७. उपभोक्ता संस्था दर्ता गर्न दरखास्त दिनु पर्नेः** उपभोक्ता संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले  दुई सय रुपैँया दस्तुर सहित अनुसुची – १ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष दरखास्त दिनु पर्नेछ।

**८. उपभोक्ता समिति दर्ताः**

**(१)** नियम ७ बमोजिम दरखास्त प्राप्त भए पछि गाउँपालिकाले उपभोक्ता संस्थाले विकास गर्न प्रस्तावित गरेको परियोजना आर्थिक तथा प्राविधिक दृष्टिकोण समेतबाट विकास गर्न उपयुक्त भए नभएको जाँचबुझ गरी सो सम्बन्धमा सम्बन्धित निकायसँग परामर्श समेत गर्दा परियोजना विकास गर्न उपयुक्त देखिएमा गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गरी दरखास्तवालालाई अनुसूची – २ बमोजिमको ढाँचामा गाउँपालिकाले दर्ताको प्रमाण पत्र दिनु पर्नेछ।

**(२)** उपनियम (१) बमोजिम जाँचबुझ तथा परामर्श गर्दा उपभोक्ता संस्था दर्ता गर्न नमिल्ने भएमा समितिले त्यसको कारण सहितको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ।

**९. श्रोतको पानीमा उपभोक्ता समितिको अधिकारः**

**(१)** उपभोक्ता समिति दर्ता भए पछि उपभोक्ता समितिले उपयोग गर्न तोकिएको हद सम्मको परिमाण बराबर पानीको श्रोतमा उपभोक्ता समितिको अधिकार कायम रहनेछ।

**१०. कार्यविधीको व्याख्या, संशोधन तथा अनुसूची थपघटः** यस कार्यविधिको आवश्यक व्याख्या,संशोधन तथा अनुसूची थपघट गाउँकार्यपालिकाले गर्नेछ।

## अनुसूची -१
### (नियम ७ सम्बन्धित)
### उपभोक्ता समिति दर्ताको लागि दिईने दरखास्त

श्री प्रमुख प्रशाकीय अधिकृत ज्यू,
चिचिला गाउँकार्यपालिकाको कार्यालय,
चिचिला, सङ्खुवासभा ।

उपभोक्ता समिति दर्ता गर्नको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१. उपभोक्ता समितिको नाम र ठेगानाः
२. उपभोक्ता समितिको उद्धेश्यः
३. श्रोत रहेको अञ्चलः........ जिल्लाः.........गाउँपालिकाः........... वडा नं......
४. उपयोग गर्ने पानीको परिमाणः
५. परियोजना शुरु गर्न लाग्ने समयः
६. परियोजना सम्पन्न गर्दा लाग्ने जाने अनुमानित खर्चः
७. दरखास्त साथ पेश गर्नु पर्ने  कागजातहरुः
   क) परियोजनाको सम्बन्धी विस्तृत विवरण उल्लेख भएको कागजात ।
   ख) परियोजनाको लागि कुनै संस्थाबाट आर्थिक सहायता व्यहोरिने भए सो सम्बन्धमा त्यस्तो संस्थाले व्यक्त गरेको प्रति बद्धता र तत् सम्बन्धी कागजातः

माथि लेखिएको व्यहोरा ठिक साँच छ,  झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

दरखास्त दिनेकोः
सहिः
नामः
ठेगानाः
मितिः

चिचिला गाउँपालिका

**अनुसूची – २**

**(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)**

**<u>उपभोक्ता सिमितिको दर्ता प्रमाण – पत्र</u>**

श्री ..........................,

............................ ।

महोदय,

तपाईले मिति ...........................मा दिएको दरखास्त बमोजिम उपभोक्ता समिति दर्ता गरी यो प्रमाण – पत्र दिइऐको छ ।

१. उपभोक्ता समितिको नाम र ठेगानाः

२. उपभोक्ता समितिको उदेश्यः

३. उपभोक्ता समितिले सञ्चालन गर्ने परियोजनाको नामः

४. परियोजनाको श्रोतः

५. श्रोत रहेको अञ्चल.............जिल्ला................. गाउँपालिका/नगरपालिका.................. वडा न......

६. उपयोग गर्न पाउने पानीको परिमाणः

७. उपभोक्ता समितिको कार्य क्षेत्रः

८. परियोजना शुरु गर्नु पर्ने अवधिः

९. उपभोक्ता समितिले पालना गर्ने पर्ने शर्तहरुः

(क)

(ख)

(ग)

प्रमाणपत्र दिने अधिकारीकोः
सहिः
नामः
कार्यालयः
मितिः